<table>
<tr><td colspan="3">बैठक नं:</td><td>मिती: २०८२ असार ६</td></tr>
<tr><td>क.सं.</td><td>सम्बन्धित शाखा</td><td>एजेण्डा</td><td>निर्णयको संक्षिप्त व्यहोरा</td></tr>
<tr><td>१</td><td>विविध</td><td>नीति तथा कार्यक्रम</td><td>आर्थिक वर्ष २०८२/ ८३ को नीति तथा कार्यक्रम निर्माणका सम्बन्धमा विभिन्न शाखा र समितीहरुबाट आएका विषयहरुलाई औचित्यताका आधरमा नीति तथा कार्यक्रममा समावेश गर्ने।</td></tr>
<tr><td>२</td><td>विविध</td><td>आर्थिक विधेयक</td><td>आगामी सभामा प्रस्तुत गर्नको लागि आर्थिक विधेयकमा थपघट गर्नुपर्ने विषय करको दर र दायरा परिवर्तन गर्नुपर्ने विषयमा राजस्व परामर्श समिती मार्फत अन्तिम रुप दिने।</td></tr>
<tr><td>३</td><td>विविध</td><td>भू उपयोग वर्गीकरण सम्बन्धमा</td><td>भू उपयोग तथा जग्गा वर्गीकरणका सम्बन्धमा प्रस्तावित जग्गा वर्गीकरण सम्बन्धमा सम्बन्धित वडाका स्थानीयवासीहरुको कुनै गुनासो तथा सुझाव भएमा १ हप्ता भित्र पेश गर्ने।</td></tr>
<tr><td>४</td><td>विविध</td><td>सुरक्षित नागरिक आवास</td><td>जनता आवास कार्यक्रम अन्तर्गत जनता आवास पालिका समन्वय समितीको वैठकबाट सिफारिस भई आएका ४५ जना लाभग्राहीहरुको अन्तिम किस्ता रकम भुक्तानी गर्ने।</td></tr>
<tr><td>५</td><td>विविध</td><td>अध्ययन प्रतिवेदन सम्बन्धमा</td><td>कार्यपालिकामा आवश्यक संशोधन सहित पेश भएका निम्नलिखित अध्ययन प्रतिवेदनहरु स्वीकृत गर्ने। र कार्यान्वयनका लागि सम्बन्धित समिती र शाखाहरुलाई निर्देशन दिने।
<table>
<tr><td>क्र सं</td><td>नाम</td></tr>
<tr><td>१</td><td>सिरानचोक गाउँपालिकाको आर्थिक सर्वेक्षण तथा आर्थिक विकास योजना</td></tr>
</table></td></tr>
</table>

ठाकुर प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोरखा
गण्डकी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | | | २ सिरानचोक गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण<br>३ सिरानचोक गाउँपालिकाको रोजगार रणनीति<br>४ सिरानचोक गाउँपालिकाको भू- उपयोग क्षेत्र वर्गीकरण प्रतिवेदन |
| ६ | विविध | चोरीनिकासी नियन्त्रण प्रोत्साहन | नदीजन्य पदार्थको चोरीनिकासी भईरहेको अवस्थामा नियन्त्रणमा लिई गाउँपालिकामा बुझाएकोमा प्रहरी चौकी चोरकाटेलाई अवैध उत्खननकर्तालाई गरिएको जरिवाना रकमको २० प्रतिशतले हुन आउने रकम चोरी निकासी नियन्त्रण प्रोत्साहन स्वरुप प्रदान गर्ने। |
| ७ | विविध | सिँचाई मर्मत सहायत | वडा नं ३ को विभिन्न खेतहरुमा सिचाँई हुने पाईप भूमिगत रुपमा अवरुद्ध भई रोपाँईको समयमा सिचाँई सेवा अवरुद्ध भएको सम्बन्धमा सोको मर्मतका लागि प्राविधकको स्थलगत अध्ययन र ईस्टिमेट अनुसारको रकम रु. ४०,००० (चालीस हजार) सहायता प्रदान गर्ने। |
| ८ | विविध | स्वारा सदनसँगको सहकार्य | बाँझो र बंजर जमिनमा उच्च मूल्यका बजारमुखी वालीहरुको उत्पादनका लागि गाउँपालिका र स्वारा सदनको सहकार्यमा काम अगाडी बढाउने। खेती छनौट गर्ने विषयमा किसान र सरोकारवालाहरुसँग व्यापक छलफल गरि निष्कर्षमा पुग्ने। |
| ९ | विविध | कर्मचारी सम्मान | श्रीनाथकोट स्वास्थ्य चौकी अन्तर्गत रही ३७ वर्ष अनवरत रुपमा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा सेवा गरी सेवा निवृत्त हुनुभएकी श्री ज्ञानुमाया ढकाललाई रु २०,००० (अक्षरुपी रुपैया बीस हजार मात्र) नगद् सहित गाउँसभाको १६ औं अधिवेशनमा सम्मान गर्ने। |

ठाकुर प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घ्याङ, गोरखा
गण्डकी प्रदेश, नेपाल

CamScanner

| | | | |
|---|---|---|---|
| १० | स्वास्थ्य | बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन | संघीय मामिला मन्त्रालयको च.नं. ४१७ मिति २०८२/०३/०२ को पत्र बमोजिम बहुक्षेत्रीय पोषण कार्यक्रमको वजेट फुकुवा भएको भनि जानकारी आएकोले पोषण तथा खाद्य सुरक्षा अन्तर्गत सुनौला १००० दिन भित्रका गर्भवती र ४५ दिनका सुत्केरी महिला लक्षित कार्यक्रम गर्ने। |
| ११ | विविध | शोध सहायता/ आर्थिक सहायता | सिरानचोक गाउँपालिका वडा नं ५ निवासी आशिका पोखरेलको मिती २०८२/ ०२/ २५ गतेको अनुदान सहयोग पाउँ भन्ने पत्रका सम्बन्धमा थेसिस वर्क प्राप्त भएपश्चात रु. २५,००० (अक्षरुपी पच्चीस हजार रुपैंया सहायता उपलब्ध गराउने। |
| १२ | युवा तथा खेलकूद | भलिवल प्रतियोगिता | गोरखा नगरपालिकाको आयोजनामा मिती २०८१ चैत्र २१ गते देखी चैत्र २५ गते सम्म आयोजना भएको प्रथम उपमेयर कप भलिवल प्रतियोगितामा सिरानचोक गाउँपालिकाको टिम सहभागी हुदाँको खर्च विल भरपाई सहित शोध भर्ना माग भएकोमा युवा तथा मनोरञ्जन शिर्षकबाट रु. ४५,२५० भुक्तानी दिने।<br>अजिरकोट गाउँपालिकाको आयोजनामा मिती २०८२/ ०१/ ०५ देखी २०८२/ ०१/ ०६ सम्म आयोजना भएको अन्तरपालिका भलिवल कप २०८२ मा सिरानचोक गाउँपालिकाको टिम सहभागी हुदाँको खर्चको विलभरपाई सहित माग भएकोमा युवा तथा मनोरञ्जन शिर्षकबाट रु. ५३,८८० भुक्तानी दिने। |
| १३ | विविध | आर्थिक सहायता | गण्डकी प्रदेशको आयोजना र जिल्ला खेलकूद विकास समिती गोरखाको व्यवस्थापनमा मिती २०८१/ ०२/ २६ र २७ गते गोरखा जिल्लामा सम्पन्न पन्ध्रौं गण्डकी प्रदेश स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको व्यवस्थापनका लागि जिल्ला खेलकूद विकास समिती गोरखालाई युवा तथा मनोरञ्जन शिर्षकबाट रु ७०,००० हजार आर्थिक सहायता प्रदान गर्ने। |
| १४ | विविध | आर्थिक सहायता | रोटरी क्लव अफ गोरखाले उपलब्ध गराएका सेनेटरी प्याड भेन्डिङ्ग मेशिन र प्याड जलाउने ईन्सिनेटर मेशिन |

ठाकुर प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घ्याङ्ग गोरखा
गण्डकी प्रदेश, नेपाल

CamScanner